# आदर्श गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

मौवा नगरदह, डोटी
सुदूरपश्चिम प्रदेश,नेपाल

प.सं. :-२०७७/०७८
च.नं. :-

मिति :–२०७७।०५।०९

**विषय :–प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति :–२०७७।०५।०९)**

प्रस्तुत विषयमा श्रम,रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.२०७७।०७८ च.न.२३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस आदर्श गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १।२०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१.आवश्यक न्युनतम योग्यता र अनुभव:–
(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
(ख) अनुभव र सीप: प्राविधिक सहायक पदमा देहायका अनुभव र सीप हुनुपर्नेछ :–

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान , सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव,पारस्परिकता सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग)उमेर :– कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
२.दरखास्त दिने स्थान :–आदर्श गाउँकार्यपालिकाको कार्यालय
३.दरखास्त दिने अन्तिम मिति :–२०७७।०५।२३
४.आवेदनको दस्तुर :– रु ५००(पाँच सय मात्र)
५.छनौटको किसिम :– प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा
६.आवेदन साथ संलग्न कागजातहरु :– आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रतिपासपोर्ट आकारको(साइज) फोटो

७)सेवा सुविधा :– गाउँपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११),(१२) र (१३) बमोजिम हुनेछ।
८)सम्पादन गर्नुपर्ने कार्यविवरण :– गाउँपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ।
नोट :– आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.aadarshamun.gov.np मा उपलब्ध छ।

(सुरत बहादुर परियार)
प्रमुख प्रशासकीय अधिकृत

सुरत वहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत